श्री

# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हेकुली, दाङ

पत्र संख्या:-
चलानी नं.:-

प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०९/२३

## सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धी सूचना

प्रस्तुत विषयमा आ.व. ०७८/०७९ मा लुम्बिनी प्रदेश सरकारबाट दंगीरशण गाउँपालिकाको कार्यालय हेकुली दाङका लागि हस्तान्तरण कार्यक्रममा कृषि/पशुपँक्षी अधिकृत जनशक्ति सेवा करारमा रकम विनियोजित भएको हुँदा दंगीशरण गाउँकार्यपालिकाको मिति २०७८/०९/१३ गतेका दिन बसेको गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार एक जना कृषि अधिकृत करार सेवामा कर्मचारी भर्ना गर्ने सम्वन्धि सार्वजनिक सूचना प्रकाशन गर्ने भन्ने भएको निर्णयानुसार तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट तोकिएको ढाँचामा दरखास्त आव्हान गर्नका लागि ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको ब्यहोरा जानकारी गराइन्छ ।  ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ | कृषि अधिकृत | अधिकृत छैठौ | १ (एक) | |

**आवश्यक योग्यता**

(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक (B.Sc.Ag) उत्तिर्ण भएको हुनु पर्नेछ ।

(२) उमेर २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्ने छ तर महिलाको हकमा ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ ।

(३) दरखास्त दिने स्थान दंगीशरण गाउँपालिकाको कार्यालय हेकुली दाङ

(४) दरखास्त दस्तुर रु १,०००।– (एक हजार)

(५) दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक कागजात:- दुई प्रति पास्पोर्ट साईजको फोटो, शैक्षिक योग्यताको प्रमाण पत्रको छायाँप्रति, नेपाली नागरिकताको प्रमाण पत्रको छायाँप्रति, अनुभव सम्वन्धि प्रमाण पत्र भए सोको छायाँप्रति ।

(५) दरखास्त दर्ता गर्न सक्ने मिति २०७८/०९/२३ गते देखि २०७८/०९/२९ सम्म

(६) परिक्षा तालिका दरखास्त फाराम दर्ता गराउने म्याद सकिएको भोलिपल्ट कार्यालय समय भित्रमा सूचना प्रकाशित गरिनेछ ।

(७) छनौटको किसिम संक्षिप्त सूचि प्रकाशन तथा अन्तरवार्ता (दंगीशरण गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम ।

--------------------------------

खिम बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत